# भावि किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**<u>प्रास्तवना:</u>** नेपालमा विद्यमान परम्परागत कृषि पेशालाई जिवन निर्वाहको रुपमा मात्र नभई व्यवसायको रुपमा नै अगाडी बढाउनका लागि शिक्षित युवा जमातलाई कृषि पेशा तर्फ आकर्षित गर्न जरुरी देखिएकोले प्रदेश सरकार, प्रदेश नं ५ को आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमको बुँदा नं. १२६ मा उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायीक र निजी साझेदारीलाई प्रोत्साहन गर्ने कुरा उल्लेख गरिएको हुनाले प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "भावि किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" तयार गरी लागु गरेको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "भावि किसानका लागि सहयोगी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्ययन संस्थान" भन्नाले कृषि तथा पशु सम्बन्धी अध्ययन अध्यापन गराउने सरकारी शैक्षिक संस्थाहरुलाई सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले भावि किसानका लागि सहयोगी कार्यक्रम सम्झनुपर्छ।

(ग) "भावि किसान" भन्नाले कृषि तथा भेटेरीनरी बिषयमा स्नातक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थी जो भविष्यमा कृषि उद्यमी बन्ने चाहना तथा योजनाका साथ अगाडी बढ्छ उसैलाइ सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "तोकेको कार्यालय" भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त प्रदेश मातहतका कृषि ज्ञान केन्द्र तथा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई सम्झनुपर्छ ।

(च) "द्विपक्षिय/वहुपक्षिय सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बिच कृषि कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता पत्र सम्झनुपर्छ ।

(छ) "निर्देशनालय" भन्नाले प्रदेश कृषि विकास निर्देशनालय र पशुपंछि तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ ।

(ज) "सचिव" भन्नाले प्रदेश सरकार प्रदेश नं ५ अन्तरगतका मन्त्रालयहरुको कार्यजिम्मेवारी प्राप्त सचिव सम्झनुपर्छ।

३. **<u>उद्देश्यहरुः</u>** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछनः

(क) कृषि प्राविधिक शिक्षा हासिल गरेका शिक्षित जनशक्तीलाइ कृषि व्यवसाय तर्फ लाग्न प्रेरित गर्ने।

(ख) कृषि पेशाको दिगो व्यवसायिकरणका माध्यमबाट उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गर्ने।

(ग) हालको बिदेश पलायन हुने प्रबृति लाइ न्यूनिकरण गर्दै लैजाने।

(घ) कृषिका बिशिष्टिकृत क्षेत्र तथा उच्च प्रविधिहरु अवलम्बन गर्न शिक्षित बर्गलाइ प्रोत्साहन गरी स्वरोजगार बनाउने ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालन विधि तथा बजेट सम्बन्धी व्यवस्था</u>

४. **<u>कार्यक्रमका लक्षित बर्ग</u>**ः लक्षित बर्ग तथा कार्यक्रम सञ्चालन हुने क्षेत्र देहायबमोजिम हुनेछनः

(क) यस कार्यक्रम अन्तर्गत प्रदेश नं. ५ भित्रका कृषि तथा पशु विज्ञान अध्यापन गराउने सरकारी शिक्षण संस्थाहरुमा अध्ययन गरिरहेका युवा विद्यार्थिहरुले प्रदेश नं. ५ का जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) कृषि तथा पशु विज्ञान बिषयमा स्नातक तहको अन्तिम बर्षमा अध्ययनरत युवा विद्यार्थिहरु यस कार्यक्रमका लक्षित बर्ग हुनेछन।

(ग) यसरी कार्यक्रम सञ्चालन गर्दा एकल वा बढिमा ३ जना युवा विद्यार्थिहरुले प्रस्तावना अनुरुप कार्यक्रम सञ्चालन गर्नसक्नेछन ।

५. **<u>कार्यक्रम सञ्चालनका बिषय तथा क्षेत्रहरु</u>**ः (१) व्यवहारिक अभ्यास, प्राविधिक सिकाई, उत्पादन र बजारीकरणसँग सम्बन्धित कृषि तथा पशुपन्छी पालनका देहायबमोजिमका बिशिष्टिकृत क्षेत्रभित्र रहि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

तर, औचित्यताका आधारमा कार्यक्रमको उद्देश्य अनुरुप देहायबमोजिमका भन्दा बाहेकका नविनतम् बिषयमा समेत प्रस्तावना पेश गर्न सकिनेछ।

(क) तन्तु प्रजनन प्रविधि (विभिन्न फलफुलहरुमा)

(ख) च्याउको वीउ उत्पादन तथा बजारीकरण प्रविधी

(ग) बानस्पातिक तथा जैविक बिषादी उत्पादन तथा बजारीकरण प्रविधी

(घ) हे तथा साईलेज उत्पादन तथा बजारीकरण प्रविधी

(ङ) भेटेरिनरी क्लिनिक स्थापना तथा सञ्चालन

(च) मिनि ह्याचरी स्थापना तथा सञ्चालन

(छ) उत्पादनमा आधारित कृषि पर्यटन

(ज) प्रोटेक्टेड तथा प्रिसिजन हर्टिकल्चर

(झ) कृत्रिम गर्भाधान केन्द्र

(ञ) माछा भुरा उत्पादन तथा बजारीकरण प्रविधी

(ट) अन्य थप केही नबिन प्रविधि भए समाबेश गर्न सकिने ।

६. **<u>कार्यक्रम सञ्चालनको बजेटः</u>** (१) कार्यक्रम सञ्चालनको लागि बार्षिक बजेट मन्त्रालयले व्यवस्था गरे बमोजिम हुनेछ।

(२) कार्यक्रम ब्यवस्थापनका लागि कुल बजेटको बढिमा २० प्रतिशत रकम निम्नानुसारका क्रियाकलापमा खर्च गर्न सकिनेछ।

(क) कार्यक्रम सञ्चालनको लागि गोष्ठि, अन्तरक्रिया तथा छलफलका कार्यक्रमहरुको आवश्यकता अनुसार रकम खर्च गर्न सकिनेछ ।

(ख) युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्न विभिन्न अध्ययन तथा अवलोकन भम्रण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ग) युवा कृषकहरुलाई आवश्यकता अनुसार विभिन्न ब्यवहारिक तालिम तथा सेमिनारको आयोजना गर्न सकिनेछ ।

(३) कार्यक्रममा अनुदानका लागी कुल बजेटको कम्तिमा ८० प्रतिशत रकम युवाहरुलाई व्यवसाय सञ्चालन गर्नको लागि बीउ पूँजिको रुपमा अनुदान रकम दिन सकिनेछ।

७. **<u>छनौट प्रकृयाः</u>** (१) कार्यक्रम सञ्चालनको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले कृषि तथा पशुपन्छी लगायतका बिषय अध्ययन गरेका युवाहरुलाई प्रस्ताव आव्हानको लागि अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ । प्रस्ताव पेश गर्दा अनुसूची २ बमोजिमको प्रस्तावनाका आधारमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पनि मन्त्रालयले आवश्यकता अनुसार सूचना प्रकाशन नगरी अध्ययन संस्थान मार्फत सिधै प्रस्तावना माग गरी कार्यक्रम छनौट गर्न सक्नेछ।

(३) प्रस्तावना यस मन्त्रालय तथा मातहतका कार्यालयमा पेश गर्न सकिनेछ ।

(४) पेश भएका प्रस्तावनाहरुको छनौटका लागि मूल्याङ्कन समितिले अनुसूची ३ अनुसार मूल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरि अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्नेछ।

(५) अनुदान व्यवस्थापन समितिले मूल्याङ्कन समितबाट प्राप्त सिफारिस मनासिब भएमा प्रस्तावहरु स्वीकृत गर्नेछ।

(६) यसरी छनौट भएका युवा विद्यार्थीहरु सँग अनुसुची ४ अनुसार सम्झौता गरिनेछ।

(७) छनौट भएका युवा विद्यार्थीहरुले सम्झौतामा उल्लेख भए बमोजिमको क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ । कार्यक्रम संचालनका लागी आवश्यक जग्गा भांडामा लिनुपरेमा कम्तिमा ५ बर्षको करारनामा गरेको हुनुपर्नेछ ।

(८) छनौटमा परेका कार्यक्रमहरु कार्यान्वयनका लागि १-१ जना सम्बन्धित बिषयका प्राध्यापक तोकी प्राविधिक सहजिकरण कार्य गराउने दायित्व सम्बन्धित अध्ययन संस्थानको हुनेछ ।

(९) छनौटमा परि कार्यक्रम संचालन गर्ने भावि कृषकहरुले मापनयोग्य उपलब्धी बिवरणहरु मन्त्रालय वा मातहतका कार्यालयबाट माग भए बमोजिम प्रस्तुतीकरण समेत गर्नुपर्नेछ ।

(१०) कार्यक्रम सञ्चालनको लागि पेश्कीको व्यवस्था गरिने छैन। कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न भएको प्रतिवेदन र अन्य सबै आवश्यक कागजातहरु सहित भुक्तानिका लागि पेश गर्नु पर्नेछ।

(११) अनुदान रकम प्रवाह गर्दा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ र सो को सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा राख्ने, लेखा परिक्षण गर्ने दायित्व समेत अनुदानग्राहीको हुनेछ ।

(१२) कार्यक्रम सञ्चालनको क्रममा तथा कार्यक्रम सञ्चालनपश्चात अनुदान रकमको हिनामिना भएको पाइएमा प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

८. <u>**अनुदान रकम प्रवाहः**</u> (१) अनुदान रकम दुई किस्तामा उपलब्ध गराईनेछ ।कार्यक्रम शुरु गरि करिब ४० प्रतिशत काम सम्पन्न भएपछि प्रथम किस्ता स्वरुप ४० प्रतिशत

रकम भूक्तानी दिईनेछ, र सम्पूर्ण कार्य सम्पन्न भए पछि अन्तिम किस्ता ६० प्रतिशत रकम भूक्तानी दिईनेछ।

(२) कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा प्रचलित ऐनबमोजिम गरिनेछ।

९. **कार्यक्रमको मापदण्डः** कार्यक्रम सञ्चालन गर्दा देहायबमोजिमको मापदण्डलाई आधार मानिनेछ।

| भावि कृषकहरुको मापदण्ड | अनुदान सहयोगको मापदण्ड | अन्य विवरण |
|---|---|---|
| कृषि तथा भेटेरीनरी बिषयमा स्नातक तहको अन्तिम बर्षमा अध्ययन गरिरहेका विद्यार्थीहरु | बढीमा ४ लाख वा प्रस्तावनाको आधारमा बढिमा ८० प्रतिशत जुन कम हुन आउछ | लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमको लागि प्रस्तावकले आफूले व्यहोर्ने रकमको आधिकारिक स्रोत खुलेको कागजात पेश गर्नु पर्नेछ। |

## परिच्छेद-३
## समितिसम्बन्धी व्यवस्था

१०. **समितिको गठनः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आएका प्रस्तावनाहरुको मूल्याङ्कन गरी स्वीकृति गर्न र अनुगमन गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| प्रमुख | खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| प्रमुख | पशुपंछी विकास महाशाखा | सदस्य |
| प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| प्रमुख | अनुगमन तथा मुल्याङ्कन शाखा | सदस्य |

| | | |
|---|---|---|
| प्रमुख | पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| अधिकृतस्तर को प्रतिनिधि | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढिमा ३ जना पदाधिकारीलाई विज्ञ वा विशेषज्ञको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) सुचना प्रकाशन गर्ने ।

(ख) आएका प्रस्तावहरुको मूल्यांकन गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ग) अनुदानको सिमा तोक्ने ।

(घ) स्वीकृत कार्यक्रम अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए-नभएको अनुगमन गर्ने।

(ङ) कार्यक्रमलाई प्रभावकारी बनाउन मातहतका कार्यलयलाइ आवश्यक सुझाव दिने।

(च) अनुगमन कार्यका लागी आवश्यक्ता अनुरुप निर्देशनालय तथा जिल्ला स्तरिय उपसमिति गठन गरी परिचालन गर्ने ।

परिच्छेद ४

## <u>विविध</u>

११. **<u>कार्यविधिमा संशोधन तथा थपघटः</u>** यस कार्यविधिको कार्यान्वयनमा कठिनाई उत्पन्न भएमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन, थपघट तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची १

## भावि किसानका लागि सहयोगी कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५.........

यस मन्त्रालयको आ.व.२०७५।७६ को बार्षिक कार्यक्रम अनुसार यस प्रदेशका कृषि तथा पशु बिषयमा  अध्ययन गराउने शिक्षण संस्थाहरुमा स्नातक तह अन्तिम बर्षमा अध्ययन गरेका युवा कृषकहरुलाई भावि किसानका लागि सहयोग कार्यक्रम अन्तर्गत प्रस्तावना पेश गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र यस मन्त्रालय तथा सम्बन्धित अध्ययन संस्थामा आइपुग्ने गरि पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित आवेदनको ढाँचा, कृषि यन्त्रका किसिम लगायतका पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धि बिस्तृत जानकारी यस मन् **Webiste: molmac.p5.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

उक्त कार्यक्रममा सहभागिताको लागि आवश्यक मापदण्डहरु

१. यस कार्यक्रममा सहभागिताको लागि नेपाली नागरिकता भएको हुनु पर्ने ।

२. सहभागिको न्यूनतम शैक्षिक योग्यता कृषि तथा पशु बिषयमा स्नातक तह अन्तिम बर्षमा अध्ययन गरेको खुलेको कागज हुनु पर्ने ।

३. अनुसूची २ अनुसारको प्रस्तावना पत्र ।

४. कार्यक्रम स्वीकृत भएमा फर्म दर्ता गर्ने प्रतिबद्धता पत्र ।

५. प्रस्ताव छनौट भएको खण्डमा आफ्नो तर्फबाट खर्च गर्नु पर्ने रकमको बैधानिक श्रोत खुलेको कागजात पेश गर्नु पर्ने ।

## अनुसूची २

भावि किसानका लागि सहयोग कार्यक्रमका लागी निवेदन तथा प्रस्ताव पत्रको ढांचा

मितिः..................................

श्रीमान सचिवज्यू,
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ५, बुटवल, नेपाल

विषयः भावि किसानका लागि सहयोगी कार्यक्रम सहभागि हुन प्रस्ताव पेश सम्बन्धमा।

प्रस्तुत विषयमा तहां मन्त्रालयबाट मिति....................................... मा प्रकाशित गरिएको सूचना अनुसार भावि किसानका लागि सहयोगी कार्यक्रममा सहभागि हुने योग्यता पुगेकोले ............................................... बिषयमा आयोजना सञ्चालनगर्नको लागि निम्न बमोजिका कागजातहरू यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं वा छु।

**संलग्न कागजातहरुः**

१. आयोजना प्रस्ताव अनुसुची -२ बमोजिम पेज..........को ......... प्रति।

२. प्रस्तावकको नागरिकताको प्रतिलिपी -१ प्रति।

३. जग्गा आवश्यक पर्ने भएमा जग्गाको लाल पूर्जा, भाडा सम्झौता पत्रको प्रतिलिपी -१ प्रति।

निबेदक
दस्तखत ..................................................
नाम ........................................................
ठेगानाः.....................................................
सम्पर्कनं....................................................
इमेलः........................................................

## अनुसूची ३

## आयोजना प्रस्तावनाको ढाँचा

(१) आयोजना र सम्पर्क व्यक्ति सम्वन्धी विवरण

| आवेदकको विवरण | |
|---|---|
| नाम थरः | |
| स्थायी ठेगानाः | |
| सम्पर्क नं. | |
| इमेल ठेगानाः | |
| प्रस्तावित आयोजनाको नाम | |
| अध्ययनरत संस्थाको नाम र ठेगाना | |
| मूल विषय | |
| प्रस्तावित आयोजनाको कूल लागत रु. | |
| मन्त्रालयमा माग गरिएको रकम रु. | |
| सम्बन्धित व्यक्तिले व्यहोर्ने रकम रु. | |

**संस्थाको प्रमुखको घोषणा**

आवेदक यस संस्थाको विद्यार्थी रहेको जानकारी दिदै उद्यमी बन्न प्रयास स्वरूप भावि किसानकालागी सहयोगी कार्यक्रम अन्तर्गत निज योग्य रहेको र निजले तयार गरेको प्रस्ताव आवस्यक कार्यार्थ सिफारिस गर्दछौ । अनुरोध गरिएको अनुदान अनुमोदित भएको अवस्थामा प्राविधिक सहयोग प्रदान गर्न हामी तत्पर छौ ।

हस्ताक्षर.......................................... मितिः ..........................

नाम........................................

पदः .........................................................

संस्थाको नाम...........................................................................

ठेगानाः.......................................................................

टेलिफोनः ..........................................

इमेल...........................................

आधिकारिक छाप

(२) **प्रस्तावित आयोजना सम्बन्धमा (आयोजनाको विवरण)**

| |
|---|
| १. आयोजनाको नाम: |
| २. उदेश्य: |
| क |
| ख |
| ग |
| ३. आयोजनाको सारांश(२०० शब्द) |
| ४. आयोजनाको परिचय (Introduction) |
| ५. आयोजनाको डिजाइन र विधि (Project Design and Methodology) |
| ६. आयोजना संचालन हने स्थान र यसको औचित्य (Project Site and its Justification) |
| ७ लाभान्वित जनसंख्या (Beneficiary Population) |
| ८. प्रस्तावित आयोजनाको गतिविधिहरु (activities of proposed project) |
| ९. जानकारी लिनको लागि प्रयोग हुने प्रविधि र विधि (Tools and Techniques for Data Collection) |
| १०. आयोजनाको जोखिम (Risks of the project) |
| ११. पर्यवेक्षण र निगरानीको लागि योजना (Plan for Supervision and Monitoring) |
| १२. आयोजनाको मापनयोग्य अपेक्षित उपलब्धि: क्षेत्र विस्तार, उत्पादन, उत्पादकत्व, आम्दानी, रोजगारी सृजना, प्रविधि हस्तान्तरण र प्रसार (Measurable output of the project) |
| योजना (आयोजनाको अवधि र कार्ययोजना / Gantt चार्ट मा बनाउनु पर्ने छ) Plan (should include duration of program, tentative date of starting the project and work schedule / Gantt chart) *आयोजनाको मापनयोग्य आउटपुट* logical framework *मा देखाउनु पर्ने छ।* |
| |

**३) आयोजना संचालनको लागि आर्थिक प्रस्ताव**

| खर्चको किसिम अनुसार आयोजनाको कुल लागत | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क.सं.** | **कृयाकलाप** | **लागत विबरण** | | | | | |
| | | **इकाई** | **परिणाम** | **दर** | **जम्मा** | **मन्त्रालयले ब्यहोर्ने रु.** | **आवेदकले ब्यहोर्ने रु.** |
| क | पुंजीगत | | | | | | |
| | | | | | | | |
| ख | चालु | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा रु.** | | | | | | |

## स्वघोषणा (DECLARATION)

म यसै मार्फत प्रमाणित गर्छु कि माथि उल्लेखित विवरणहरु सही छ । मैले प्रदेश ५, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको भावि किसानकालागी सहयोग कार्यक्रमको उद्येस्य पढेको र बुझेको छु र सबै सन्दर्भमा सोहि अनुसारको कार्य गर्नेछु । म आयोजनाको वैज्ञानिक आचरणको लागि जिम्मेवारी स्वीकार गर्न सहमत छु । यदि यस प्रस्तावको लागि मलाई अनुदान दिइन्छ भने, म कार्ययोजना अनुरुप कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने छु । झुठा ठहरे कानुन बमोजिम सहुला, बुझाउला ।

आवेदक को हस्ताक्षर .....................................

आवेदक को नाम......................................

# अनुसूची ४

## प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

| क्र.स. | मूल्याङ्कनका आधारहरु | कैफियत |
|---|---|---|
| १ | ब्यबसायिक योजना | |
| २ | प्राविधिक पक्ष | |
| ३ | आर्थिक पक्ष | |
| ४ | उत्पादन योजना | |
| ५ | बजार योजना | |
| ६ | कार्यक्रमको दिगोपना | |
| ७ | वातावरणिय पक्ष | |
| ८ | सामाजिक पक्ष | |
| | जम्मा | |

## अनुसूची ५

## भावि किसानका (Future Farmer) लागि सहयोग कार्यक्रमको सम्झौता पत्र

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक बर्ष २०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार भावि किसानका (Future Farmer) लागि सहयोग कार्यक्रम मार्फत ब्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, यस पछि प्रथम पक्ष भनिने र.......... श्री ................., यस पछि दोस्रो पक्ष भनिने बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं लियौं ।

तपशिल

१. प्रथम पक्षले भावि किसानका लागि मार्फत ब्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमको लागी जम्मा लागत रु.......... .. मध्ये दोश्रो पक्षलाई रु... .. अक्षरुपी... . बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्ने छ ।
२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
३. .दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसारका कृषि सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागी प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ ।
४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा प्रगतीका आधारमा अनुदान रकम दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिईनेछ।यो रकम कार्यक्रम सम्पन्न पछि मात्र भुक्तानी हुनेछ ।
५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माणको हकमा विस्तृत डिजाईन तथा इष्टिमेट यसै सम्झौतामा समाबेश भए बमोजिम गर्नु पर्नेछ ।
६. दोश्रोपक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगती विवरण प्रथमपक्ष वा प्रथम पक्षले तोकिएको कार्य तालिका निर्माण गरिने छ र सोही अनुसार तोकिएको निकायमा उपलब्ध गराउनु पर्ने छ।
७. कार्यक्रम सँचालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ।

८. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको लागी प्रकृया अगाडी बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| सस्थाको छापः | |

कार्यालयको छापः

रोहवर

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।